जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY


कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ७१ पृष्ठः ४ | २०८२ असार १८ गते बुधबार (Wednesday 02 July 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## एमाले लहानका नगर अध्यक्ष साह बने उदण्ड ! कारबाही गर्न पत्रकार महासंघ सिरहाको माग





नेपाल पत्रकार महासंघ
Federation of Nepali Journalists(FNJ
शाखा कार्यालय ,सिरहा

मिति:-२०८२/०३/१७

प्रेस बिज्ञप्ती

मिति २०८२ ०३ १७ गते [illegible] एमाले पार्टीका लाहान नगर अध्यक्ष राजकुमार साहले नेपाल पत्रकार महासंघ सिरहाका अध्यक्ष मनोज बनैता यादवबिरुद्ध सामाजिक सन्जाल फेसबुकमा भ्रमपूर्ण, र बदनियतपूर्ण ढंगले आक्षेप लगाएका वक्तव्य प्रति नेपाल पत्रकार महासंघ सिरहा शाखाको गम्भीर ध्यानाकर्षण भएको छ।

यदि कुनै भिडियो सामाग्री सत्यतथ्यमा आधारित छ भने त्यसको प्रसारण गर्नु पत्रकारको न केवल अधिकार हो, कर्तव्य पनि हो।

सोही भिडियोलाइं लिएर एमाले नगर अध्यक्ष साहले पत्रकार महासंघका अध्यक्षलाई "खाते" जस्ता अमर्यादित गाली गलौज गर्नु निन्दनीय मात्र होइन, सम्पूर्ण पत्रकार समुदायप्रतिको घोर अपमान पनि हो।

सगठित रूपमा गरिएका यस्ता खालका आक्षेपहरू नेपाली पत्रकारिता क्षेत्रलाई कमजोर बनाउने, व्यक्तिविशेषको चरित्र हत्या गर्ने र प्रेस स्वतन्त्रतामाथि हस्तक्षेप गर्ने नियोजित प्रयास हो।

नेपाल पत्रकार महासंघ, सिराहा यस्ता प्रकारका आधारहीन आरोपहरूको घोर भर्त्सना गर्दछ र सार्वजनिक रूपमा यस्तो भ्रमपूर्ण प्रचारविरुद्ध आम सञ्चार माध्यमहरू, सरोकारवालाहरूलाई एक जुट भइं विरोध जनाउन अपील गर्दछ।

साथै, यस्ता गैरजिम्मेवार अभिव्यक्ति दिने साहलाइं कानुनी दायरामा ल्याइं कडा कार्यवाहीको लागि सरोकारवाला समक्ष माग गर्दछौ।

मुकेश कुमार यादव
सचिव
नेपाल पत्रकार महासंघ सिराहा शाखा

सिरहा, १७ असार। नेकपा एमालेका लहान नगर अध्यक्ष राजकुमार साहले नेपाल पत्रकार महासंघ सिरहाका सभापति मनोज बनैताको चरित्र हत्याको प्रयास गरेर उदण्डता देखाएका छन्। साहले तत्कालै सार्वजनिक गर्नुपर्ने भिडिओ वर्षौंपछि सार्वजनिक गरेको भन्दै सभापति बनैतामाथि असभ्य भाषा प्रयोग गरेका हुन्। उनले कुन भिडिओ ? र कसको भिडिओ ? भन्ने विषयमा केहि उल्लेख गरेका छैन्।

उनले कसको भिडिओ विषयमा कुरा गरेको भन्ने विषय नखुलाई पत्रकार महासंघ सिरहाको सभापति बनैतामाथि गरेको असभ्य टिप्पणी नै छानविनको विषय बनेको छ। एमाले लहानका नगर अध्यक्ष जस्तो पदमा बसेर बदनियतपूर्ण ढंगले गरेको टिप्पणीमा उनकै आलोचना भइरहेको छ। यता, पत्रकार महासंघ सिरहाका सचिव मुकेश यादवले विज्ञप्ती जारी गरेर साहमाथि कारबाहीको माग समेत गरेका छन्। सभापति बनैताविरुद्ध सामाजिक सन्जाल फेसबुकमा एमालेका लहान नगर अध्यक्ष साहले भ्रमपूर्ण र बदनियतपूर्ण ढंगले आक्षेप लगाएका वक्तव्यप्रति घोर भर्त्सना गर्दै दोषीमाथि कारबाही गर्न महासंघ विज्ञप्तीमार्फत् माग गरेको छ।

विज्ञप्तीमा भनिएको छ, 'यदि कुनै भिडियो सामाग्री सत्यतथ्यमा आधारित छ भने त्यसको प्रसारण गर्नु पत्रकारको न केवल अधिकार हो,

-बाँकी दुई पेजमा

## 'पूर्ण खोप सुनिश्चितता पालिका' घोषणा




सिरहा, १७ असार। सिरहाको गोलबजार नगरपालिकालाई 'पूर्ण खोप सुनिश्चितता पालिका' घोषणा गरिएको छ। 'स्थानीय स्रोतको उपयोग, स्वामित्व र सहभागिता, पूर्ण खोप सुनिश्चितता हाम्रो प्रतिबद्धता' भन्ने नाराका साथ आयोजित एक विशेष कार्यक्रममा सोमबार यस्तो घोषणा गरिएको हो।

कार्यक्रममा जिल्ला समन्वय समितिका उपप्रमुख तथा जिल्ला खोप समन्वय समितिका सहसंयोजक दिलिप लामाले खोप सुनिश्चितता घोषणा गर्दै खोप अभियानलाई निरन्तरता दिनुपर्ने आवश्यकता औँल्याए। उनले भने,'पूर्ण खोप अभियान एकपटकको कार्यक्रम होइन, यो निरन्तर चलिरहने जिम्मेवारी हो। समुदायको सक्रियता र स्वास्थ्यकर्मीहरूको समर्पण नै यसको सफलताको आधार हो।'

उपप्रमुख लामाले गोलबजार नगरपालिका प्रमुख श्यामकुमार श्रेष्ठलाई पूर्ण खोप सुनिश्चितता प्रमाणपत्र हस्तान्तरण गरे। त्यस अवसरमा नगर प्रमुख श्रेष्ठले खोप

-बाँकी दुई पेजमा

## सप्तरीमा बसले ठक्कर दिँदा बालकको मृत्यु

राजविराज, १७ असार। सप्तरीको कञ्चनरूप नगरपालिका-२ महादेवपट्टीमा मंगलबार बसले ठक्कर दिँदा एक जना बालकको मृत्यु भएको छ। पूर्व-पश्चिम राजमार्गअन्तर्गत बाटो काटिरहेका स्थानीय रोजित शेखका ८ वर्षीय छोरा आर्यन शेखलाई को १ ख ५४३८ नम्बरको बसले ठक्कर दिएको थियो। वीरगन्जबाट विराटनगरतर्फ गइरहेको सो बसको

-बाँकी अन्तिम पेजमा





## धुम्रपान र मदिरा सेवन नगरौं।

**धूम्रपानले:**

- फोक्सोको क्यान्सर, मुटु रोग, दम जस्ता रोग लाग्न सक्छ,
- स्वाश प्रश्वास प्रणालीमा असर गर्न सक्छ,
- मुख, घाँटी र छालामा क्यान्सर हुन सक्छ,
- गर्भावस्थामा धुम्रपान गरे बच्चाको स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्न सक्छ,

**मदिरा सेवनले:**

- कलेजोको रोग हुन सक्छ,
- तनाव, डिप्रेशन जस्ता मानसिक स्वास्थ्यका समस्या देखा पर्न सक्छ,
- पारिवारीक कलह र अशान्ति छाउन सक्छ,

**"स्वास्थ्यकर जीवनशैली अपनाऔं, धूम्रपान र मदिराबाट टाढा रहौं"**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

Coming Soon

सूचना ! सूचना !! सूचना !!!

Your gateway to study and work in Japan

**MAA DHAMINI SAGAR INSTITUTE & CONSULTANCY**

Golbazar-06, Siraha (सिद्धार्थ बैंकको छेउमा)
Contact No. 9701032488, 9842826874
+819054858895



**Special Features:**

1. Study Master's in IT (English Medium in Japan)
2. Bachelor's Degree Holders in Any Subject Can Apply
3. +2 (12th Grade) Graduates from Any Stream Eligible
4. No Educational Requirement for Working Visa Application



**Course Start Date : 25 June 25, 2025**
**Apply Now for April 2026 in take**
**Special Offer: No the First 20 student!**
Contact Us: 9842826874, 9817705722
Whatsapp/Line : +81-90-5485-8895

# सम्पादकीय

## विचाराधीन चलचित्र कानुनमा सरोकारवालाको कुरा सुन !

'कठमुल्ला प्रवृत्ति' नेपालको शासकीय संस्कतिको मूल चरित्र रहिआएको छ। विशेषगरी प्रशासन संयन्त्रभित्र उदार प्रगतिशील परिवर्तनप्रति सधैँ नै हिचकिचाहट र प्रतिरोध देखिने गर्छ। अहिले संसद्मा विचाराधीन चलचित्रसम्बन्धी विधेयकमा पनि यही कठमुल्ला प्रवृत्ति देखिएको गुनासो चलचित्रकर्मीहरूले गरेका छन्। नेपालमा चलचित्र क्षेत्रको विकास र प्रगतिमा सहयोगी हुनुपर्नेमा राष्ट्रिय सभामा प्रस्तुत गरिएको 'चलचित्र विधेयक'मा कतिपय यस क्षेत्रको अहित गर्ने प्रावधान रहेको चलचित्रकर्मीहरूको ठहर छ। यसैले उनीहरू अहिले त्यसमा उपयुक्त संशोधनका लागि हारगुहार गरिरहेका छन्।

प्रस्तावित विधेयकमा रहेको चलचित्रको परिभाषादेखि नै परिमार्जन गरिनुपर्ने धारणा सरोकारवालाहरूको रहेको छ। सम्भवतः प्रस्तावित परिभाषाले युगानुकूल चलचित्रका स्वरूपहरूलाई समेट्न पनि सक्दैन। परिभाषादेखि नै प्रस्तावित विधेयकमा आधुनिक उदार दृष्टिकोण लिनुपर्ने माग उनीहरूको रहेको छ। यस्तै चलचित्रको ध्रुसेन्सरु गर्ने व्यवस्थामा पनि चलचित्रकर्मीहरूको असहमति देखिएको छ। हुन पनि अहिले नेपालको आकाशमा नेपाली सेन्सर बोर्डले थाहै नपाएका चलचित्रसमेत दर्शकका लागि उपलब्ध छन् भने हलमा देखाइने चलचित्रलाई निषेध गर्नेभन्दा अन्तर्राष्ट्रिय प्रचलनअनुसार उमेरअनुसार वर्गीकरण गरेर अनुमति दिने व्यवस्था गर्नु नै सान्दर्भिक हुने देखिन्छ।

चलचित्र विधेयकमात्र होइन समाज र शासनको युगीन दृष्टिकोणमा ठूलै खाडल छ। सामान्यतः समाजमा हुने प्रगतिशील परिवर्तनसँग तादात्म्य राख्न प्रशासन संयन्त्र सधैँ हिचकिचाउने गर्छ। यस्तो अवस्थामा राजनीतिक नेतृत्वले प्रशासनलाई समाजसँग अनुकूलन गराउन अगुवाई गर्नुपर्ने हो। नेपालको राजनीतिक नेतृत्व भने यसमा चुकेको देखिन्छ। राज्यका कानुन, नीति र मार्गचित्र तयार गर्दा लोकतन्त्रमा सम्बन्धित सरोकारवालाको निर्णायक भूमिका रहने गर्छ। नेपालमा भने शासन व्यवस्था लोकतान्त्रिक भए पनि सरोकारवालासँग महत्त्वपूर्ण सूचना लुकाउनु प्रशासनिक संस्कृति बनेको छ। यसैले चलचित्र विधेयकमा जस्तो परिभाषाले यथार्थ समेट्न नसक्ने कानुन बनाउन खोजिन्छ।

यस्तै सरकारी कर्मचारी विशेषगरी निजामती सेवाका कर्मचारीहरू आफूलाई सबै विषयको 'पदेन विज्ञ' ठान्छन्। अधिकांश राजनीतिककर्मीहरूमा 'लोक सेवा' उत्तीर्ण कर्मचारीले सबै जानेका छन् भन्ने वा आफूले थाहा पाएको सूचनामात्र सही हो भन्ने भ्रम हुन्छ। सम्भवतः कानुन, नीति वा मार्गचित्र निर्माणमा देखा पर्ने विसङ्गतिको मूल कारण यही अहंकार र अज्ञान हो। नेपालले अपनाएको संघीय लोतान्त्रिक गणतन्त्रअनुरूप समाज त बदलिन सकेको छैन भने राज्यको प्रशासनिक संयन्त्रले उदार लोकतान्त्रिक संस्कार आत्मसात गरिहाल्ला भन्ने ठान्नु मूर्खता हुन्छ। तर, प्रशासनलाई राजनीतिक नेतृत्वले परिवर्तन र प्रगतिको दिशामा लैजान सकेन भने शासन प्रणालीमै धमिरा लाग्छ।

यसैले चलचित्र विधेयकबाटै भए पनि सरोकारवालाको कुरा सुन्ने र त्यसको सम्मान गर्ने अभ्यास गरियोस्। नियन्त्रण र निषेध रुचाउने एवं आफूलाई समाजको नैतिक पहरेदार (मोरल पुलिस) ठान्ने कठमुल्ला प्रवृत्तिबाट देश अगाडि बढ्न सक्तैन भन्ने सम्बन्धित सबैले हेक्का राख।

### 'पूर्ण खोप ...

अभियानलाई सफल बनाउन योगदान दिने सम्पूर्ण कर्मचारी, स्वयंसेविका तथा स्वास्थ्यकर्मीलाई धन्यवाद दिए। नगर स्वास्थ्य शाखा प्रमुख सरोज कर्णले राष्ट्रिय खोप तालिकाअनुसार नगरका १४ वटै वडामा खोप लगाउने उमेर समूहका सबै बालबालिकाले खोप लगाएको सुनिश्चित भएपछि यस्तो घोषणा गरिएको बताए।

घोषणाअघि गरिएको सर्वेक्षण, खोप अभिलेख सङ्कलन तथा अभिमुखीकरण अभियानमा महिला स्वास्थ्य स्वयंसेविकाहरूको महत्त्वपूर्ण भूमिका रहेको कार्यक्रममा जानकारी दिइएको थियो। त्यस क्रममा खोप सहजीकरणका लागि योगदान गर्ने कर्मचारीहरुलाई सम्मान गरिएको थियो। पालिकास्तरीय पूर्ण खोप सुनिश्चितताबारे थप जानकारी दिँदै स्वास्थ्य कार्यालयकी खोप अधिकृत सुनिता कँडेलले भनिन्,'पूर्ण खोप सुनिश्चितता कुनै एक तहको काम होइन, यो समन्वय, लगनशीलता र निरन्तर निगरानीको नतिजा हो।'

### एमाले लहानका...

कर्तव्य पनि हो। सोही भिडियोलाई लिएर एमाले नगर अध्यक्ष साहले पत्रकार महासंघका अध्यक्षलाई "खाते" जस्ता अमर्यादित गाली गलौज गर्नु निन्दनीय मात्र होइन, सम्पूर्ण पत्रकार समुदायप्रतिको घोर अपमान पनि हो।'

संगठित रूपमा लगाएका आक्षेपहरू नेपाली पत्रकारिता क्षेत्रलाई कमजोर बनाउने, व्यक्तिविशेषको चरित्र हत्या गर्ने र प्रेस स्वतन्त्रतामाथि हस्तक्षेप गर्ने नियोजित प्रयास भएको महासंघ सिरहा शाखाको ठहर छ।

# गोलबजार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**गोलबजार, सिरहा**
**मधेश प्रदेश, नेपाल**

## पोखरी ठेक्का सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८२/०३/१६**

यस नगरपालिका क्षेत्राधिकार भित्र रहेका देहाय वमोजिमको सार्वजनिक ऐलानी पोखरीहरु जे जो अवस्थामा छन सोही अवस्थामा नै आ.व. २०८२/०८३ देखी २०८४/०८५ सम्मको लागी माछा तथा मखान उत्पादन गर्ने प्रयोजनको लागी ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुवाट निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलवन्दी कोटेशन दिन सम्बन्धित सवैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ (सात) औं दिनसम्म अर्थात मिति २०८२।०३।२२ गतेसम्म कार्यालय समय भित्र उल्लेखित बोलपत्र फारम दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको राजस्व शाखा वाट बोलपत्र फारम खरिद गर्न सकिनेछ। साथै बोलपत्र फाराम खरिद गर्दा आवश्यक कागजात सहित निवेदन दिनुपर्नेछ।

२. खरिद गरिएको बोलपत्रमा उल्लेख भएका सवै विवरणहरु प्रष्ट संग अध्ययन गरी सम्बन्धीत व्यक्तिले पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर पोखरीको नाम, प्रेषकको नाम र ठेगाना प्रष्ट संग लेखी ८ (अठौं) औं दिन अर्थात २०८२।०३।२३ गते दिनको १२:०० बजेसम्म खाम यस कार्यालयबाट खरिद गरिएको सिलबन्दी बोलपत्र फारम यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। यसरी दर्ता भएका बोलपत्रहरु सोही दिन दिनको २:०० बजे उपस्थित बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा नगरपालिकाको कार्यालयमा खोलिने छ। उक्त समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा रितपूर्वकको बोलपत्र खोल्ने कार्यमा वाधा पर्ने छैन।

३. बोलपत्र खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ।

४. सिलबन्दी बोलपत्र साथ आफूले कवोल गरेको अंकको नेपाली नागरिक भए ५% र विदेशी नागरिक भए १०% ले हुने धरौटी रकम यस कार्यालयको नाममा रहेको ग्लोलब आई.एम.ई बैंक शाखा कार्यालय, गोलबजार, सिरहा स्थित (५५०४०१००००१६) धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राख्नु पर्नेछ।

५. बोलपत्र फारम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

६. ठेक्का अवधि आ.व. २०८२।०८३ देखि आ.व. २०८४।०८५ सम्मको २०८५ आसार मसान्त सम्म हुनेछ।

७. बोलपत्र पेश गर्दा बोलपत्रदाताको तर्फवाट कुनै किसिमको शर्त मान्य हुनेछैन। शर्त सहितको बोलपत्रलाई बदर गरिनेछ। साथै रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

८. ठेक्का सम्वन्धि कुनै समस्या आई परेमा वा यसमा उल्लेख भएका कुराहरुमा सोही वमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद नियमावली २०६४ तथा नेपाल सरकारवाट समय समयमा भए गरेको आदेश, निर्देशन र परिपत्रको आधारमा नगरपालिकाले समाधान गर्ने छ र सोही समाधान अन्तिम पनि हुनेछ।

९. प्राप्त बोलपत्रहरु कुनै पनि कारण जनाई वा नजनाई आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१०. आफुले कबोल गरेको सम्पुर्ण अङ्क (स्वीकृत) रकम अग्रिमरुपमा बुझाउनु पर्नेछ र यसरी अग्रीम रुपमा सम्झौता गर्दा कै बखत एकमुष्ट बुझाए वापत कार्यालयवाट कबोल अंकको १० (दश) प्रतिशत छुट दिइनेछ। किस्तावन्दी गरेमा छुट हुनेछैन र तिन किस्तामा राजस्व जम्मा गर्नुपर्नेछ। पहिलो किस्ता (कबोल अंकको ४०%) रकम सम्झौता गर्ने समयमा बुझाउनु पर्नेछ, दोस्रो किस्ताको (कबोल अंकको ३०%) रकम २०८३ श्रावण मसान्तसम्मा र तेस्रो किस्ता (कबोल अंकको ३० रकम २०८४ श्रावण मसान्तसम्म बझाउनु पर्नेछ। तोकिएको समयमा किस्ता नबुझाए म्याद नाघेको पहिलो सात दिन ५%, पहिलो महिना ७% र त्यस पश्चात मासिक १०% जरिवाना लाग्नेछ। पहिलो किस्ता बाहेक रकम वापत यस कार्यालयको नाममा २०८५ साल असोज महिनासम्मको बैंक ग्यारेण्टी (कार्य सम्पादन जमानत) धितो पेश गरि मात्र सम्झौता गरी पट्टा उठाउन पाउनेछ। म्याद भित्र बैंक ग्यारेण्टी पेश नभएको र सम्झौता नगरेको खण्डमा त्यसपछिको बोलपत्रवालालाई नियमानुसारको प्रकृया अगाडी बढाई दिइनेछ।

११. यसमा उल्लेखित बाहेक अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ र ठेक्काका अन्य शर्तहरु सम्झौताका बखत निर्धारित हुनेछन्।

१२. स्वीकृत ठेक्का रकममा नियमानुसार लाग्ने करहरु सम्बन्धीत ठेक्कादारले स्वयम बुझाई सक्कलै भौचर यस कार्यालयको राजस्व शाखामा चालु आर्थिक वर्षमा नै बुझाउनुपर्नेछ।

१३. नगरपालिकालाई नगदी जिन्सी तिर्न बुझाउनु बाँकी रहेको व्यक्ती/संस्था/फर्म/कम्पनीले निवेदन खरिद गर्न पाउने छैन र खरिद गरी ठेक्का स्वीकृत भएपनि पछि रद्द गरिनेछ।

१४. प्रत्येक पोखरीको सिलबन्दी खाम छुटाछुटै दिनुपर्नेछ र खामको बाहिरपट्टी कुन पोखरीको हो खुलाउनु पर्नेछ।

१५. रित नपुगेको तथा म्याद नाघी आएको कोटेशन उपर कुनै कारवाही हुने छैन।

१६. पोखरीको संरचना आफुखुसी विगारेमा वा पोखरीमा विषालु औषधी प्रयोग गरेको पाईएमा सोको क्षतीपुर्ती ठेक्का लिने व्यक्तीवाट नगरपालिकाले असुल उपर गरी कानुनी कारवाही गरिनेछ।

१७. उपरोक्त लेखिए वाहेक अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ।

१८. रकम कवोल गर्दा तल उल्लेखित न्युनतम ठेक्का रकम भन्दा कम कवोल गर्न पाइने छैन। सवैभन्दा वढी रकम कवोल गर्नेको र रित पुगेको बोलपत्र स्वीकृत हुनेछ।

१९. बोलपत्र सम्वन्धी थप जानकारीको लागि कार्यालय समयमा राजस्व शाखामा सम्पर्क राखी बुझ्न सकिनेछ।

**आ.व.०८२। ०८३ देखी ०८४। ०८५ सम्म ठेक्का लाग्ने पोखरीहरु**

| क्र.सं. | पोखरीको नाम | ठेगाना | न्यूनतम रकम (भ्याट बाहेक) |
|---|---|---|---|
| १ | सिंचाई बाँध पोखरी | १ | २८००० |
| २ | कसहा खोला पोखरी | १ | ४०००० |
| ३ | खजनपुरीया पोखरी | १ | ६१५०० |
| ४ | डाबर खाता झगरु महतो घर नजिक | १ | ५५०० |
| ५ | राम भरोसको पोखरी | १ | ४००० |
| ६ | बहिरी बाँधको पोखरी | १ | ३०१००० |
| ७ | सिता पोखरी, डम्बर खाता, अन्ध्र पोखरी | १ | २२५०० |
| ८ | भर्तिवाला पोखरी | १ | १९००० |
| ९ | जम्दह–४ का रामकुमार वाला पोखरी | ३ | ५६००० |
| १० | विष्ट घर निरको पोखरी | ४ | २६३५०० |
| ११ | असनपुर ३ पोखरी | ४ | १५१००५ |
| १२ | गिट्टीवालाको पोखरी | ८ | ६०५००० |
| १३ | आ. बलकवा ढाङ्गर टोल | ११ | ३५७०० |
| १४ | बतौना ४ का गाउँब्लक पोखरी | १२ | ५७००० |

–बाँकी तीन पेजमा

# कृषि औजार कारखानाबाट उत्पादित धान रोप्ने मेसिनको माग बढ्यो

**उपेन्द्र यादव**

बारा, १७ असार। बन्द अवस्थामा रहेको कृषि औजार कारखाना, वीरगन्जबाट पुनः कृषि यन्त्रहरू उत्पादन गरेर किसानलाई बिक्री वितरण सुरु भएको छ। २९ वर्षपछि राष्ट्रिय आविष्कार केन्द्रले बन्द रहेको कृषि औजार कारखानाबाट पुनः कृषि यन्त्रहरूको उत्पादन गरेर किसानलाई बिक्री वितरण सुरु गरेको बताएको छ। कृषि औजार कारखानाबाट उत्पादित कृषियन्त्रमध्ये अहिले हातले धान रोप्ने मेसिनको माग बढी देखिएको छ ।



नेपाली किसानहरूका लागि कृषि यन्त्र उत्पादन गरेर बिक्री वितरण गर्दै आएको कृषि औजार कारखानालाई २०५३ जेठ १७ देखि निजीकरण गर्ने निर्णय गर्दै तत्कालीन अवस्थामा कारखाना बन्द राख्ने निर्णय लिएको थियो। बन्द गरिएको देशको एक मात्र कृषि औजार कारखानालाई पुनः सञ्चालनमा ल्याउनका लागि सरकारले २०७९ माघ १ देखि राष्ट्रिय आविष्कार केन्द्रलाई जिम्मा लगाउने निर्णय गरेको थियो। राष्ट्रिय आविष्कार केन्द्रको वैज्ञानिक टोलीले जिम्मा लिएको २८ महिनापछि उद्योगबाट उत्पाद सुरु भएको हो।

कृषि औजार कारखानाबाट उत्पादन गरिएका हातले धान रोप्ने मेसिन चितवनका किसानलाई बिक्री गरिएको राष्ट्रिय आविष्कार केन्द्र वीरगन्जका प्रमुख तथा इन्जिनियर रितेश देवले बताएका छन्। हातले धान रोप्ने एउटा मेसिनको मूल्य २१ हजार पाँच सय रहेको छ। त्यसबाहेक हातले चलाउने धान रोप्ने राइस प्लान्टर १५ वटा मेसिन तयार गरी बिक्रीका लागि राखिएको बताइएको छ।

अहिले धान रोप्ने सिजन रहेकाले हातले धान रोप्ने मेसिनप्रति किसानको चासो र जिज्ञासा रहेको देवले बताए। उत्पादन गरिएका मेसिन रोपाइँअघि नै बिक्री हुने सम्भावना रहेको देवले बताए। महिनौंदेखि गरिँदै आएको मिहिनेतले जेठ अन्तिम हप्तादेखि कृषि औजार कारखाना, वीरगन्जबाट उत्पादित कृषि यन्त्रहरूको व्यावसायिक बिक्री–वितरण सुरु गरिएपछि किसानबाट ती कृषि यन्त्रको माग भइरहेको र काम गर्ने हौसला पनि बढेको देवले बताए।

धान रोप्ने हाते मेसिनका साथै हिलोको झारपात हटाउन उपयोगी हुने प्याडी विडर केज ह्विल, राइस प्लान्टर, कोदो रोप्ने मिलेट प्लान्टर र माछा पालनमा उपयोगी हुने फिस इन्क्युवेटर तथा अक्सिजन टावरका उपकरणलाई समेत उत्पादन गरेर बिक्री–वितरण सुरु गरिएको उनले बताए।

प्याडी विडर केज ह्विलको मूल्य दुई हजार पाँच सयदेखि तीन हजार रूपैयाँ, फिस इन्क्युवेटर र अक्सिजन टावरको जोडीको मूल्य एक लाख रूपैयाँ, राइस प्लान्टर मेसिनको मूल्य १५ देखि २० हजार र मिलेट प्लान्टर मेसिनको मूल्य १५ हजार रूपैयाँ राखिएको उनले बताए। हालसम्म प्याडी विडर केज उपकरण एक सय थानभन्दा बढी बिक्री भई सकेको र थप पाँच सय थान माग रहेको उनले बताए।

फिस इन्क्युवेटर र अक्सिजन टावर उपकरण १२ सेट बिक्री भइसकेको राष्ट्रिय आविष्कार केन्द्र, वीरगन्जले जनाएको छ। कोदो रोप्ने मिलेट प्लान्टर मेसिनबारे पनि किसानको जिज्ञासा रहेकाले यसले राम्रो बजार लिने सम्भावना रहेको उनले बताए। केन्द्रले बिक्री–वितरण गरी रहेका यी उपकरण हालसम्म नेपालमा पहिलो पटक उत्पादन भएको पनि इन्जिनियर देवले बताए। विदेशबाट आयात गरिएका कृषियन्त्रभन्दा नेपाली कृषियन्त्र बलिया र सस्ता रहेका दाबी देवले गरे।

हाल धान रोपाइँको सिजन सँघारमै आइपुगेकाले तत्काललाई धान बाली लक्षित कृषि उपकरणहरू उत्पादन र बिक्रीमा बढी ध्यान केन्द्रित गरिएको उनले बताए। धान सिजनको समाप्तिपछि अन्य उपकरणको उत्पादन र बिक्रीलाई पनि प्राथमकितामा राख्ने उनले बताए। केन्द्रले हालै मात्र लेजर वेल्डिङ मेसिनका रूपमा नयाँ उपकरण कृषि औजार कारखाना, वीरगन्जमा भित्र्याएको इन्जिनियर देवले बताए।

तीन हजार वाटको उक्त उपकरण १८ लाख रूपैयाँमा टेन्डर प्रक्रियाबाट खरिद गरिएको बताइएको छ। खरिद गरेर ल्याइएका मेसिनले धातुको खिया सफा गर्ने, काट्ने र वेल्डिङ गर्ने भएकाले यसले कारखानाको उत्पादन क्षमतामा वृद्धि पुऱ्याउन सहयोग मिल्ने देवले बताए। आविष्कार केन्द्रका अध्यक्ष एवं वैज्ञानिक महावीर पुनले आफ्नो आत्मकथा बिक्री गरेर संकलन गरेको रकमबाटै हाल कारखाना सञ्चालनको सम्पूर्ण काम अघि बढेको बताए।

कारखानामा हालसम्म केन्द्रले धान काट्ने रिपर, आलु खन्ने डिगर, आलु रोप्ने प्लान्टर, धान रोप्ने राइस प्लान्टर, गोबर पेल्ने डङ्ग डिवाटरिङ, प्लास्टिक बनाउने मल्चर, सुक्खा घाँस काट्ने, धान गोड्ने, खन्ने आदि काम गर्ने विडर मेसिनको सफल परीक्षण उत्पादन गरिसकेको छ। यसबाहेक कुटो, कोदालो, चाप कटर आदि ससाना कृषि उपकरण पनि उत्पादन गरिसकेको बताइएको छ। तीन दशकदेखि बन्द रहेको कृषि औजार कारखाना सञ्चालनको जिम्मा पाएपछि राष्ट्रिय आविष्कार केन्द्रका वैज्ञानिक टोलीले १४/१५ प्रकारका कृषि यन्त्रको उत्पादन गरेर बिक्री–वितरण सुरु गरेको देवले बताए।

तत्कालीन सोभियत संघ सरकारले उपहार स्वरूप निर्माण गरिदिएको यो उद्योगको २०२४ साल फागुन २८ गते तत्कालीन राजा महेन्द्रले उद्घाटन गरेका थिए। कारखानाले हँसिया, खुर्पी, कुटो, कोदालो मात्र नभई विद्युत् प्राधिकरणका लागि विद्युत्का पोल, तत्कालीन यातायात संस्थानका लागि ट्र्यांकर, तत्कालीन शाही नेपाल वायु सेवा निगमका लागि जहाज चढ्ने सिँढीलगायत उपकरण उत्पादन गर्दै आएको थियो। उद्योग पूर्ण क्षमतामा सञ्चालनमा रहँदा दुई सय १० स्थायी र एक सय ११ अस्थायी गरी करिब ३ सय २५ जनशक्ति कार्यरत रहेका थिए।

तत्कालीन सरकारले २०५३ जेठ १७ गते यो उद्योगलाई निजीकरण गर्ने निर्णय गर्दै बन्द राख्ने निर्णय लिएको थियो। १३ करोड रूपैयाँमा निजीकरणमा लैजान खोज्दा नौ करोड ५१ लाख रूपैयाँ बराबरको ६५ प्रतिशत स्वामित्व निजी क्षेत्रले पाउने र बाँकी ३५ प्रतिशत स्वामित्व नेपाल सरकार आफैंले राख्ने निर्णय भएको थियो।

# महेन्द्रनारायण निधि आवास कार्यक्रममा व्यापक अनियमितता, असहाय र विपन्नका नाममा पहुँचवालाको रजाइँ

बारा, १७ असार। मधेश प्रदेश सरकारले बारामा सञ्चालन गरेको महेन्द्रनारायण निधि आवास कार्यक्रममा व्यापक अनियमितता भएको भेटिएको छ। असहाय र विपन्न परिवारका लागि आवास निर्माण गर्ने भनेर प्रदेश सरकारले पठाएको बजेटबाट धनी र हुनेखानेको घर बनेको पाइएको हो। बाराको सिम्रौनगढ नगरपालिका–६ सलेमपुर टोलकी समिना खातुनले मधेश सरकारको महेन्द्रनारायण निधी आवास कार्यक्रमअन्तर्गत भान्साघरसहितको दुई कोठे पक्की घर निर्माणको आशामा डेढ वर्ष पहिला आफ्नो फुसको घर भत्काउनुभयो। तर अहिलेसम्म घर नबनेपछि उहाँको पाँच जनाको परिवार हाल छाप्रोमा गुजारा गर्दैछ।

सिम्रौनगढ बजार टोलकी राधादेवी मेस्तरले पनि एक महिनाभित्र घर बन्छ भनेर भएको फुसको घर भत्काउँदा बास कष्टकर बनेको छ। विपन्न परिवारलाई पक्की घरको आशा देखाएर हुादाखाादाको घर भत्काउँदा अहिले बारामा करिब १३ सय परिवारको दैनिकी कष्टकर बनेको छ। विपन्नका घर भत्काएर अलपत्र पार्दै बजेटमा हुनेखानेले रजाइँ गरेका छन्। सिम्रौनगढ नगरपालिका–७ खजानी टोलमा एकै परिवारका ३ दाजुभाई प्रमोद, अरूण र आनन्द कुशवाहाको घर निधी आवास कार्यक्रमअन्तर्गत बनेको पाइएको छ। दुई तल्ले पक्की घर हुँदाहुँदै पहुँचको आधारमा यो परिवारलाई अनुदान दिएर बजेटको दुरूपयोग गरिएको छ।

प्रदेश सरकारले आर्थिक वर्ष ०८०/८१ मा बारामा निधि आवास कार्यक्रमअन्तर्गत ३ सय ५० वटा घर बनाउन प्रतिघर ५ लाख ३३ हजार रूपैयाँ विनियोजन गरेको थियो। तर तत्कालीन मुख्यमन्त्री सरोजकुमार यादव र अर्थमन्त्री सञ्जय यादवको निर्देशनमा पूर्वाधार कार्यालयका तत्कालीन प्रमुख राजेन्द्र साहले कमिसन असुल्न ९ सय ५० घर थपेर १३ सय पुर्याएका कारण घरहरू अलपत्र परेका छन्।

असहाय र विपन्न परिवारलाई मानवोचित आवासको व्यवस्था गर्न २०७८ सालदेखि मधेश प्रदेश सरकारले महेन्द्रनारायण निधि आवास कार्यक्रम सञ्चालन गरेको हो। तर हुनखानेको घर पनि बनाइदिने, लाभग्राहीसँग कमिसन असुल्ने र भएको फुसको घरसमेत भत्काइदिएर टहरामा बस्नुपर्ने बाध्यतामा पुऱ्याइएको छ।

# उपभोक्ता अदालतको निर्णयमा चिकित्सक संघको विरोध

काठमाडौं, १७ असार। उपभोक्ता अदालतको निर्णयमा नेपाल चिकित्सक संघले विरोध गरेको छ। पछिल्ला मुद्दामा उपभोक्ता अदालतले सुनाएका फैसलाबाट नेपाल मेडिकल काउन्सिलको क्षेत्राधिकारमाथि हस्तक्षेप भएको भन्दै संघले आन्दोलन अन्तर्गत चिकित्सक तथा स्वास्थ्यकर्मीलाई कालोपट्टी बाँधेर सेवा दिन आह्वान गरेको छ। संघका महासचिव डा. सञ्जिव तिवारीले पर्सि पुनः सरोकारवाला संस्थासँग बैठक बसेर थप विरोधका कार्यक्रम तय गरिने जानकारी दिनुभयो।

उपभोक्ता अदालतले उपचारमा लापर्बाही गरेको मुद्दामा ओम अस्पताललले ५० लाख ७० हजार, हिमाल अस्पताल र उपचारमा संलग्न डाक्टरले एक करोड ४५ लाख रुपैयाँ र ग्रान्डी सिटी अस्पताल र त्यहाँ कार्यरत चिकित्सकले ५७ लाख रुपैयाँ क्षतिपूर्ति बिरामी पक्षका परिवारलाई तिर्नुपर्ने फैसला गरेको थियो। यी फैसलापछि नेपाल चिकित्सक संघले विरोध गर्दै आएको छ।

# स्रोत नखुलेको २८ लाख २८ हजार रुपैयाँसहित ३ जना पक्राउ

पर्सा, १७ असार। पर्सा प्रहरीले स्रोत नखुलेको २८ लाख २८ हजार रुपैयाँ हुण्डीको रकमसहित तीन जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा पर्सा जिल्लाको पकहामैनपुर गाउँपालिका–२ का २६ वर्षीय अनिलकुमार बर्णवाल, वीरगञ्ज महानगरपालिका–३ आदर्श टोलका २३ वर्षीय बिनितकुमार श्रीवास्तव र बाराको परवानीपुर गाउँपालिका–४ का ४४ वर्षीय दीपककुमार सोनार छन्।

पर्सा प्रहरीबाट खटिएको टोलीले मंगलबार विभिन्न स्थानबाट उनीहरूलाई नगदसहित पक्राउ गरेको हो। बर्णवाललाई वीरगञ्ज–१० मकालु चोकबाट ९ लाख ४७ हजार रुपैयाँ नगदसहित पक्राउ गरिएको थियो। झोलामा लुकाएर उक्त रकम लैजाँदै गरेको अवस्थामा उनलाई नियन्त्रणमा लिइएको थियो। श्रीवास्तवलाई वीरगञ्ज–८ स्थित लिंक रोडबाट १५ लाख ८१ हजार रुपैयाँसहित नियन्त्रणमा लिइएको हो।

–बाँकी अन्तिम पेजमा

## गोलबजार नगरपालिकाको पोखरी ठेक्का सम्बन्धी सूचना

| क्र.सं. | पोखरीको नाम | ठेगाना | न्यूनतम रकम (भ्याट बाहेक) |
|---|---|---|---|
| १५ | बेतौना ५ अर्जिलालवाला पोखरी किता नं. ३१४ | १२ | २६०५०० |
| १६ | बेतौना ३ ग बेतौना ३ दुर्गा मन्दिर किता नं. १६ | १२ | २१०००० |
| १७ | बेतौना ४ ग बेतौना ५ मिनहै किता नं. ३० | १२ | ३१५०० |
| १८ | बेतौना ९ क बेतौना ९ हरिदेव महतो किता नं. ३३१ | १२ | १०५७०० |
| १९ | धुरमौवा पोखरी | १३ | १११००० |
| २० | इश्रीवालाको पोखरी | १३ | २५१००० |
| २१ | मैननिया पोखरी | १३ | १०१००० |
| २२ | जिम्दार पोखरी | १३ | ४०५००० |

**गोलबजार नगरपालिका, सिरहा**

# एसइईको नतिजामा सप्तरीको कमजोर परिणाम

**विनय कर्ण**

सप्तरी, १६ असार। केही दिन अगाडि सार्वजनिक भएको माध्यमिक शिक्षा परीक्षा (एसइई) को नतिजाले सप्तरीमा शिक्षाको परिणाम कमजोर देखाएको छ। हालै सार्वजनिक भएको नतिजामा सप्तरीबाट ३५ दशमलव ३९ प्रतिशत विद्यार्थी मात्र माध्यमिक शिक्षा परीक्षाको ग्रेडिङमा पर्नुले यहाँको शिक्षा परिणाम कमजोर देखाएको हो। विसं. २०८१ चैतमा लिइएको एसइईमा परीक्षामा यस जिल्लाबाट ९२ सामुदायिक विद्यालय ५२ संस्थागत विद्यालय गरी एक सय ४४ विद्यालयका आठ हजार चार सय ४४ जना सहभागी भएका थिए। त्यसमध्ये दुई हजार आठ सय ६९ विद्यार्थी विभिन्न ग्रेड ल्याएर उत्तीर्ण भएका छन् भने पाँच हजार दुई सय ३८ जना विद्यार्थी कुनै पनि ग्रेड ल्याउन सकेनन्।

ठुलो संख्यामा विद्यार्थी ननग्रेड ( एनजी) मा परेको शिक्षा विकास तथा समन्वय एकाइ सप्तरीका शाखा अधिकृत कमलनाथ यादवले जानकारी दिनुभयो। सप्तरीबाट ३ दशमलव ६० देखि ४ जिपिए २७४ जना, ३ दशमलव २० देखि ३ दशमलव ६० जिपिए ७६९ जना, २ दशमलव ८० देखि ३ दशमलव ८० जिपिए ११५७ जना, २ दशमलव ४० देखि २ दशमलव ८० जिपिए ६४३ जना र २ देखि २ दशमलव ४० देखि ४ जिपिए २६ जनाले प्राप्त गरेको उहाँले बताउनुभयो।

समग्र देश र अन्य जिल्लाको एसइई नतिजालाई हेर्दा तुलनात्मक रूपमा सप्तरीको ग्रेडिङ प्रतिसत न्यून रहेको शिक्षा विकास तथा समन्वय एकाइ सप्तरीका प्रमुख शशी यादवले जानकारी दिनुभयो। उहाँले शिक्षासँग प्रत्यक्ष सरोकार राख्ने विद्यार्थी, अभिभावक, शिक्षक र सम्बन्धित निकायले यो नतिजाको विश्लेषण गरी शिक्षाको गुणस्तर अभिवृद्धि र परीक्षाको मूल्याङ्कन प्रक्रियालाई व्यवस्थित बनाउनुपर्नेमा जोड दिनुभयो।

"मर्यादित परीक्षा भएकाले पनि ग्रेडिङमा पर्ने विद्यार्थीको गत वर्षभन्दा न्यून देखिएको हो, यस हिसाबले हेर्दा नतिजा सकारात्मक छ तर सन्तोषजनक छैन," उहाँले भन्नुभयो। नेपाल शिक्षक संघ मधेश प्रदेशका अध्यक्ष एवम् कन्छु नरप्रताप माध्यमिक विद्यालय नकटी रायपुरका प्रधानाध्यापक परशुराम यादवले सप्तरीको नतिजा सन्तोषजनक नहरेको बताउनुभयो। गत वर्ष कम विद्यार्थी ग्रेडिङमा परेको प्रति चिन्ता व्यक्त गर्दै उहाँले कक्षा ८ मा हुने पालिका स्तरिय परीक्षाको नतिजालाई विश्लेषण गरी त्यसै अनुसारको निति लिएर गुणस्तरीय शिक्षाका लागि सरोकारवाला पक्षले काम गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

# रुपन्देही–३ उपनिर्वाचन : रास्वपाबाट सागर ढकालको चर्चा

रुपन्देही, १७ असार। रुपन्देही प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं. ३ मा आउँदो कात्तिक १७ गते उपनिर्वाचन हुँदैछ। उपनिर्वाचनको मिति घोषणा भएसँगै दलहरू त्यसको तयारीमा जुटेका छन्। सत्तासीन दल नेकपा (एमाले) ले खिमलाल भट्टराईलाई उम्मेदवार बनाउने घोषणा गरिसकेको छ। त्यस्तै पहिलो ठूलो दल नेपाली कांग्रेस र तेस्रो ठूलो दल नेकपा (माओवादी केन्द्र) लगायत छलफलमा छन्।

चौथो ठूलो दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट भने सागर ढकालको चर्चा छ। ढकाल पछिल्लो निर्वाचनमा डडेलधुराबाट पूर्वप्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग स्वतन्त्र रूपमा उम्मेदवार बनेका व्यक्ति हुन्। तर, पराजित हुन पुगे। त्यसपछि केही समय विदेसिएका उनी केही महिनाअघि स्वदेश फर्किएका छन्।

स्वदेश फर्किएपछि उनको रास्वपासँग हिमचिम बढेको छ। गत जेठ ५ गते मात्रै उनी रास्वपा नेत्री तथा सांसद सुमना श्रेष्ठसँग सिंहदरबार छिरेका थिए। उनीहरूले त्यहीँबाटै फेसबूक लाइभ पनि गरेका थिए। ढकालले त्यही लाइभबाटै आउँदो निर्वाचनमा उम्मेदवार बन्ने बताएका थिए भने सुमनाले जिताइदिनका लागि आह्वान गरेकी थिइन्।



अहिले आएर आसन्न उपनिर्वाचनमा ढकाल रास्वपाबाटै रुपन्देही–३ बाट उम्मेदवार बन्ने चर्चा चलेको छ। त्यसो त ढकाल आफैँले त्यो छनक दिएका छन्। 'रुपन्देही–३ का मेरो प्यारो जनता, यो हजुरको क्षेत्रको मात्र चुनाव होइन, देशको चुनाव हो र देशको पीडा, आँसु र आवाज बोल्न तयार भएर बस्नुहोला। नेपाली जनताले जित्ने मात्र होइन, सफा–चट् क्लीनस्वीप गर्ने हो, सफा–चट्, रुपन्देही–३,' उनले भनेका छन्, 'नेपालको इतिहास रच्न तयार हुनुहुन्छ ?'

यसबारे जिज्ञासा राख्दा रास्वपा प्रवक्ता मनीष झाले रुपन्देही–३ बाट पार्टीका तर्फबाट ढकाल उम्मेदवार बन्ने सम्भावना रहेको बताए। 'चर्चा छ, चर्चा हुनु भनेको सम्भावना पनि छ भनिएको हो। चर्चा, सिफारिस, निष्कर्ष र निर्णय हुँदै अगाडि जाने हो तर, चर्चा हुनु, भइरहनु राम्रो कुरा हो,' प्रवक्ता झाले भने।

पार्टी मूलधारको राजनीतिमा आएपछि 'गणतन्त्रको पहिलो राष्ट्रपति प्रचण्ड' भनेर माओवादी नेता–कार्यकर्ताहरूले चलाएको भित्ते–लेखन अभियान र त्यसबारे सोधिएको प्रश्नमा तत्कालीन सभामुख सुवासचन्द्र नेम्वाङले 'त्यो राम्रो हो, उहाँहरूले यो व्यवस्था त स्वीकारिसक्नुभयो नि' भनेर दिएको जवाफको प्रसङ्ग जोड्दै प्रवक्ता झाले पार्टीबाट ढकालको चर्चा हुनु पनि राम्रो भएको बताए।

'चर्चा हुनु भनेको राम्रो हो। रास्वपा नेता, समर्थकहरू तथा मतदाताहरूले सागर ढकाल रास्वपाको उम्मेदवार हो भनेर चलेको चर्चामा उत्साहित हुनु उहाँहरूले पनि सागर ढकाललाई उम्मेदवारका रूपमा स्वीकारिसक्नुभयो भन्ने कुरा हो,' प्रवक्ता झाले भने, 'त्यसो भन्नुको मतलब मनीष झाको उम्मेदवार सागर ढकाल होइन नि। तर, चर्चा हुनु भनेको सधैँ नै सम्भावना छ भन्ने हो। निर्णय भइसकेको छैन। चर्चा, सिफारिस, छलफल, निष्कर्ष र निर्णय गर्दाखेरि अब उहाँ उम्मेदवार बन्नका लागि अझै चार चरण बाँकी छन्।'

# सिरहामा १८ प्रतिशत मात्र धान रोपाइँ, अकासे वर्षाको पर्खाइमा किसान



सिरहा, १७ असार। सिरहामा हाल सम्म १८ प्रतिशत धान मात्र रोपाइँ भएको छ। लामो समयदेखि आकाशे वर्षा नभएका कारण जिल्लाभरिमा करिब १८ प्रतिशत जग्गामा मात्र धान रोपाइँ भएको हो। लामो समयदेखि वर्षा नभएका कारण जिल्लाका ८२ प्रतिशत जग्गामा अझै धान रोपाइँ हुन सकेको छैन। लामो समयदेखि वर्षा नभएको तथा खेतहरूमा सिँचाइको सुविधासमेत नभएकै कारण हालसम्म करिब १८ प्रतिशत जग्गामा मात्र धान रोपाइँ हुन सकेको कृषि ज्ञान केन्द्र सिरहाका कार्यालय प्रमुख नरेन्द्र कुमार महासेठले जनाएको छ।

पानी नपरेपछि यो वर्ष ढिलो गरी धानको बेर्ना तयार भएको र पछि पर्याप्त वर्षा पनि नभएका कारण अत्यन्तै कम जग्गामा धान रोपाइँ हुन सकेको केन्द्रका प्रमुख महासेठले बताए। असारको १५ गतेसम्ममा धान रोपाइँ सकेर किसान आराम गर्नुपर्नेमा अहिलेसम्म १८ प्रतिशत मात्र धान रोपाइ भएको उनले बताए। वर्षा नभएपछि अहिले किसान पानी तान्ने मोटर तथा अन्य वैकल्पिक आर्टिफिसियल सिँचाइको व्यवस्था मिलाएर रोपाइँ गरिरहेका छन्। अधिकांश किसानहरू अझै आकाशे पानीको प्रतीक्षामा छन्।

यस्तै कृषि मजदुरको अभावमा पनि बर्सेनि धान खेती प्रभावित हुँदै आएको छ। एकातिर सिँचाइको अभाव अर्कोतिर आवश्यकता अनुसार कृषि मजदुर नपाइने गरेकाले धान रोपाइँमा समस्या हुने गरेको गोलवजार १० का किसान राम किसुन महतोको गुनासो छ। सिरहामा भदैया, चैते र वर्षे गरी तीन किसिमका धान उत्पादन हुँदै आएको छ। सिरहामा कूल धान खेती योग्य ५४ हजार क्षेत्रफल जग्गा छ। तर, हाल सम्म जम्मा ९ हजार सात सय बिस हेक्टर जग्गामा मात्र धान रोपाइँ भएको छ।

# वीरगञ्ज भन्सार : भारतबाट आयात चार खर्ब ३४ अर्ब, निर्यात ८७ अर्ब

वीरगञ्ज, १७ असार। चालु आर्थिक वर्षको ११ महिनामा छिमेकी मुलुक भारत हुँदै वीरगञ्ज नाकामा रु चार खर्ब ३४ अर्ब २६ करोड मूल्यबराबरको वस्तु तथा सामान नेपाल भित्रिएका छन्। यो नाका हुँदै कुल आयातको ७६ दशमलव ८० प्रतिशत हिस्सा भारतबाट आयातित सामानको रहेको छ।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेका अनुसार यो नाका हुँदै आयात–निर्यातको सबैभन्दा धेरै हिस्सा छिमेकी मुलुक भारतसँग हुने गरेको छ। यो नाका हुँदै हुने वैदेशिक व्यापार भारतसँग धेरै जोडिएको छ। यो नाकामा भारतपछि धेरै वस्तु तथा सामान भित्रिने मुलुकमा अर्जेन्टिना पर्दछ।

चालु आवको ११ महिनामा अर्जेन्टिनाबाट रु ४६ अर्ब ७४ करोड मूल्यका वस्तु तथा सामान यहाँ भित्रिएका छन्। सो मुलुकबाट भित्रिएका सामानको हिस्सा भने आठ दशमलव २७ प्रतिशत छ। त्यस्तै, छिमेकी मुलुक चीनबाट सोही अवधिमा रु २८ अर्ब ८६ करोडको वस्तु तथा सामान यहाँ भित्रिएका छन्। चीनबाट आयात हुनेको हिस्सा भने एक दशमलव २२ प्रतिशत छ। चालु आवको ११ महिनामा ५० वटा मुलुकबाट वीरगञ्ज नाकामा रु पाँच खर्ब ६५ अर्ब ४२ करोड मूल्यका वस्तु तथा सामान आयात भएका छन्।

त्यसैगरी, वीरगञ्ज नाकाबाट चालु आवको ११ महिनामा रु ९१ अर्ब ५१ करोड मूल्यका वस्तु तथा सामान विदेशी मुलुकमा निर्यात भएको छ। यो नाका हुँदै ११ महिनामा रु ८६ अर्ब ९७ करोडका वस्तु तथा सामान भारत निर्यात भएको छ। भारत निर्यातको हिस्सा भने ९५ दशमलव ०५ प्रतिशत छ। यो नाका हुँदै सोही अवधिमा धेरै निर्यात हुने दोस्रो मुलुक अमेरिका रहेको छ। जहाँ कुल निर्यातको दुई दशमलव ३८ प्रतिशत अर्थात् रु दुई अर्ब १८ करोड मूल्य पर्ने वस्तु तथा सामान निर्यात भएको छ। त्यस्तै अफगानिस्तानमा पनि यो नाका हुँदै सोही अवधिमा रु ६८ करोडको वस्तु तथा सामान निर्यात भएको छ।

## *स्रोत नखुलेको ...*

सोनारलाई वीरगञ्ज–१६ रजत जयन्ती चोकबाट पक्राउ गरिएको थियो। ना १६ प २३२८ नम्बरको मोटरसाइकलमा सवार सोनारको खल्तीबाट ३ लाख रुपैयाँ नगद बरामद गरिएको पर्सा प्रहरीले जनाएको छ।

तीनै जनालाई हुण्डी रकमसहित नियन्त्रणमा लिई मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ को ( क) बमोजिम 'हुण्डीसम्बन्धी कारोबार गर्न नहुने' कसूरमा पर्सा जिल्ला अदालतबाट ५ दिन म्याद थप गरी अनुसन्धान भइरहेको पर्सा प्रहरीका प्रवक्ता डीएसपी किशोर लम्सालले जानकारी दिएका छन्।

## *सप्तरीमा बसले ...*

ठक्करबाट आर्यनको दुर्घटनास्थलमै मृत्यु भएको डीएसपी जितेन्द्रकुमार बस्नेतले जानकारी दिए। दुर्घटनापछि आक्रोशित भएका स्थानीयले केहीबेर पूर्व–पश्चिम राजमार्गमा प्रदर्शनसमेत गरेका थिए।

संरक्षित जलाधार समुन्तीको आधार
माटो पानी जोगाउ हरियाली बढाउ
प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
भू तथा जलाधार व्यवस्थापन कर्यालय
लहान, सिरहा

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रबन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)